# बेसीशहर नगरपालिकाको अत्यन्तै जरुरी सूचना

१. यात्रुवाहक सवारी साधनहरुले मुख्य चोकहरु वाहेक जथाभावी रोकी यात्रुहरु नओराल्ने तथा वजार क्षेत्रमा पार्किङ्ग नगरी बसपार्कमा ब्यवस्थापन गर्ने । निजी प्रयोगका सवारी साधनहरु जोरविजोर दिनमा ट्राफिक कार्यालयले तय गरेअनुसार एकातर्फ मात्र पार्किङ्ग गर्ने ।

२. ठूला मालवाहक सवारी साधनहरुले कार्यालय समय तथा विद्यालय समयमा वजार क्षेत्रमा प्रवेश नगर्ने, तोकिएको समयमा मात्र लोड अनलोडको कार्य गर्ने, जथाभावी नरोक्ने ।

३. ब्यवसायिक तवरबाट सामान विक्रीका लागि वाहिरी जिल्लाहरुबाट भित्रने सवारी साधनहरुले बेसीशहर नगरपालिकाको अनुमति लिएर मात्र विक्री वितरण गर्ने ।

४. ब्यवसायीहरुले यात्रु तथा सवारी साधनलाई असर पर्ने गरी विक्रीका सामानहरु नाली र सडक पेटीसम्म नराख्ने ।

५. हाल वजारमा विक्री वितरण भइरहेका मदिराजन्य तथा सूर्तीजन्य वस्तुहरुको कुनैपनि संचार माध्यम वा अन्य साइनबोर्ड एवं होर्डिङ्ग बोडहरुमा विज्ञापन नगर्ने, नगराउने । सम्बन्धित निकायको अनुमति लिने । विद्यालय तथा अस्पतालको २०० मिटर भित्र कुनैपनि मदिराजन्य तथा सुर्तिजन्य साान विक्री नगर्ने ।

६. कुहिएका, मिति सकिएका, झिंगा भन्किएका अखाध्य सामानहरुको विक्री वितरण नगर्ने ।

७. आफ्नो ब्यवसाय सम्बन्धित निकायमा दर्ता, सूचिकृत तथा नवीकरण गरेर मात्र सञ्चालन गर्ने ।

८. सम्बन्धित कार्यालयहरुबाट भएका वजार अनुगमनका क्रममा माथि उल्लेखित कार्यहरु भए गरेका पाइएमा नियमानुसार कार्यवाही गरिने ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

बेसीशहर नगरपालिका, लमजुङ